आज मिति २०७५।३।०८ गतेका दिन दिउँसो २:०० बजे परशुराम नगरपालिका नगरकार्यपालिकाको पाँचौं बैठक नगर प्रमुख श्री भरत बहादुर जोशी ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसि देहायको निर्णय गरियो ।

उपस्थिति

नगर प्रमुख श्री भरत बहादुर जोशी
नगर उपप्रमुख श्री विमला कुमारी बोहरा मल्ल
१ नं. वडा अध्यक्ष श्री लाल ब. धामी
श्री रमेश ब. बोहरा
२ " श्री नरेस ब. खवास
३ " श्री विश्राम सिं बोहरा
४ " श्री दिल ब. शाही
५ " श्री खगेन्द्र ब. सिंह
६ " श्री कर्ण ब. धामी
७ " श्री दिनेस प्र. जोशी
८ " श्री देव ब. बोहरा
९ " श्री रामकुमार भाट
१० " श्री प्रकास ऐर
११ " श्री मधाबिरे कामी
१२
नगरकार्यपालिका सदस्य श्री कु. मीना जोरा भण्डारी
श्री दुर्गा खाती
" श्री विमला खाती
" श्री तिलावती कु. बोहरा
" श्री हेमन्ती दमाई
" श्री गौरी लुहार
" श्री जय ब. औजखेडा
" श्री छिविराम कामी
प्रमुख प्रशासकीय अधिकृत श्री तारनाथ पन्त
शाखा अधिकृत श्री कृष्णदेव जोशी
कानून अधिकृत श्री गोविन्द राज जोशी
सूचना प्र. अ. श्री दिपेन्द्र जोशी

**मिति २०७९।०३।०७ गते बसेको परशुराम नगरकार्यपालिका वैठकका निर्णयहरु:**

**निर्णय नं. १**

(क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम तपसिल बमोजिमको स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिल

(क) प्रमुख श्री भरत बहादुर जोशी – संयोजक

(ख) उपप्रमुख विमला कुमारी बोहरा – सदस्य

(ग) प्रमुखले कार्यपालिका सदस्यहरु मध्येबाट तोकेका (महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुनेगरी ४ जना ) –

१. नगरकार्यपालिका सदस्य श्री खगेन्द्र बहादुर सिंह

२. नगरकार्यपालिका सदस्य श्री दिनेस प्रसाद जोशी

३. नगरकार्यपालिका सदस्य श्री राजकुमार भाट

४. दलित महिला सदस्य श्री हेमन्ती दमाइ

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ (१) बमोजिम तपसिल बमोजिमको स्थानीय राजस्व परामर्श समिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिल

(क) उपप्रमुख श्री विमला कुमारी बोहरा – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) कार्यपालिका सदस्य श्री रमेश बहादुर बोहरा - सदस्य

(घ) कार्यपालिका महिला सदस्य श्री विमला खाती - सदस्य

(ङ) उद्योग वाणिज्य संघको अध्यक्ष/प्रतिनिधी - सदस्य

(च) घरेलु तथा साना उद्योग संस्थाको अध्यक्ष/प्रतिनिधी - सदस्य

(छ) राजस्व शाखा प्रमुख - सदस्य सचिव

(ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ (१) बमोजिम तपसिल बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपसिल

(क) उपप्रमुख श्री विमला कुमारी बोहरा – संयोजक

(ख) विषयगत क्षेत्र हेर्ने नगरकार्यपालिकाका सदस्यहरु - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) योजना शाखा प्रमुख - सदस्य सचिव

(घ) यस परशुराम नगरपालिकाबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवस्यक पृष्ठपोषण दिनको लागि देहाय अनुसारको नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

(क) उपप्रमुख श्री विमला कुमारी बोहरा – संयोजक

(ख) नगरकार्यपालिकाका सदस्य श्री नरेस बहादुर खवास – सदस्य

(ग) नगरकार्यपालिका महिला सदस्य श्री दुरा खाती - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य सचिव

परशुराम नगरपालिका नगर कार्यपालिकाको कार्यालय लालढुङ्गा, जोगबुडा, डँडेल्धुरा सुदुरपश्चिम प्रदेश २०७३

साथै वडा भित्र सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवस्यक पृष्ठपोषण दिनको लागि सवै वडाहरुमा देहाय अनुसारको वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति मिति २०७९/०३/१० गतेभित्र गठन गरी वडा कार्यालयले सोको जानकारी नगरपालिकाको कार्यालयलाई दिने निर्णय गरियो ।

तपसिल

(क) सम्बन्धीत वडा अध्यक्ष – संयोजक

(ख) वडा सदस्यहरु – सदस्य

(ग) वडा सचिव – सदस्य सचिव

निर्णय नं. २

यस परशुराम नगरपालिका वडा नं. ०७ मा रहेको गैरीखानमा निर्माणाधिन प्रहरी चौकी भवनका लागि दशौं नगरसभाबाट रु. ५,००,०००। (पाँच लाख मात्र) विनियोजन भएकोमा उक्त रकम अपुग भएकाले थप ३,५०,०००। (तीन लाख पचास हजार मात्र) रकम आगामी आर्थिक वर्षमा विनियोजन गर्ने । उक्त योजनाको प्राविधिक स्टिमेट, प्रतिवेदन र मूल्याङ्कनका आधारमा चालु आ. व. को वजेटबाट नियमानुसार भुक्तानी गर्ने र बाँकी कामको भुक्तानी प्राविधीक मूल्याङ्कनको आधारमा नियमानुसार आगामी आ. व. मा गर्ने निर्णय गरियो ।